# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१०।१५ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भन्सार कार्यालय, काठमाडौंबाट अवैध रुपमा ३३ किलो सुन तस्करीको अभियोगको अनुसन्धान कारबाहीको सिलसिलामा मिति २०७३/९/२७ देखि निलम्बनमा रहेका सोही कार्यालयका रेडियो अपरेटर श्याम कृष्ण च्वामु श्रेष्ठले गैरकानूनी सम्पत्ति आर्जन गरेको भनी यस आयोगमा पर्न आएको उजुरीका सम्वन्धमा आयोगबाट गरिएको अनुसन्धानबाट निज श्यामकृष्ण च्वामु श्रेष्ठले सार्वजनिक सेवा प्रवेश गरे पश्चातको समग्र आय व्ययको विश्लेषण गर्दा -

निजको आम्दानीतर्फ

----------------------

२०५३/१२/०५ देखि अनुसन्धान अवधिसम्ममा श्यामकृष्ण च्वामु श्रेष्ठको पारिश्रमिक बचत रु.१८,१६,९४८।-, निज तथा एकासगोलका सदस्यको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको कर्जा रु.३,४७,७६,४३९।-, ज्ञानकृष्ण श्रेष्ठले अवकाश हुँदा लिएको औषधी उपचार सुविधा रु.३,७३,३६९।-, ज्ञानकृष्ण श्रेष्ठको तलब रु.२०,४६,७०९।८५, ज्ञानकृष्ण श्रेष्ठको पेन्सन रु.१०,३६,९९५।७५, ज्ञानकृष्ण श्रेष्ठले विदेश भ्रमण गरी प्राप्त गरेको रु.६०,२२५।९०, सन्ध्या श्रेष्ठको पारिश्रमिक रु.३,७६,०८१।०५, रामकृष्ण श्रेष्ठको पारिश्रमिक बचत रु.१४,३९,८६७।७५, रविना प्रधानांगको पारिश्रमिक बचत रु.१२,६१,४२१।२२, तारादेवी श्रेष्ठको पारिश्रमिक बचत रु.५,३३,६७५।९०, जग्गा बिक्रीबाट रु.२,७९,७३,६८३।०७, फ्ल्याट बिक्रीबाट रु.१,५७,८७,३२०।- घरबहाल आयबाट रु.३४,००,०००।-, श्यामकृष्ण च्वामु श्रेष्ठले पदमा रहेर प्राप्त गरेको कमिसन रु.९,७८०।७०, सवारी साधनहरु बिक्रीबाट रु.५४,१६,३१०।- समेत गरी जम्मा रु.९,६३,०८,८२७।२० बैधानिक रुपमा आय आर्जन गरेको देखियो।

निजको खर्च तथा लगानीतर्फ

----------------------------------

२०५३/१२/०५ देखि अनुसन्धान अवधिसम्ममा जग्गा खरिदमा रु.२,४६,३९,३२५।-, घर निर्माणमा रु.३,८६,१५,८८९।१७, अध्ययन खर्चमा रु.१०,६८,४०३।-, नमोबुद्ध एग्रो प्रा.लिमिटेड समेतका कम्पनीमा गरेको लगानी रु.५,४७,६८,०००।-, ऋणको साावाँ व्याज भुक्तानीमा रु.३,७४,४४,८०६।५१, सवारी साधन खरिदमा रु.२,२६,१६,०००।-, बैंक मौज्दात रु.८६,१८,२७८।-, घरबहाल कर तिरेको रु.३,५५,४१४।३९, बकस तथा अंशबण्डा गर्दा तिरेको दस्तुर रु.७१,९५०।-, फ्ल्याट खरिदमा रु.९२,२२,७५०।- र शेयर खरिदमा रु.३५,०००।- समेत गरी कुल रु.१९,७४,५५,८१६।०८ खर्च तथा लगानी गरेको तथ्य देखिन आई सो लगानीमा निजको श्रोत खुलेको आय रु.९,६३,०८,८२७।२० घटाउँदा देखिन आउने रु.१०,११,४६,९८८।८८ गैरकानूनी रुपमा आर्जन गरेको र उक्त श्रोत नखुलेको सम्पत्तिबाट बढी बढाउ गरेको रु.४,४९,७७,४९०।- समेत गरी कुल

जम्मा बिगो रु.१४,६१,२४,४७८।८८ बराबरको श्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जन गरेको पुष्टि हुन आई निज श्यामकृष्ण च्वामु श्रेष्ठले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.१४,६१,२४,४७८।८८ (चौध करोड एकसठ्ठी लाख चौबीस हजार चार सय अठहत्तर रुपैया अठासी पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६(ग), तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन र भ्रष्टाचार गरी गैरकानूनी आर्जन गरेको चल अचल सम्पत्तिहरू साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग), दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत हुन मागदाबी लिई विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै निज श्यामकृष्ण च्वामु श्रेष्ठले निजकी जेठी श्रीमती तारादेवी श्रेष्ठ, कान्छी श्रीमती रेखा श्रेष्ठ, बुवा ज्ञानकृष्ण श्रेष्ठ, आमा चन्द्रदेवी च्वामु श्रेष्ठ, भाइ रामकृष्ण श्रेष्ठ र भाइ बुहारी रविना प्रधानाङ्गको नाममा आफूले गैर कानूनी रुपमा आर्जन गरेका सम्पत्तिहरू बदनियत साथ राखेको तथा लुकाए-छिपाएको माथि विवेचित आधार कारण र प्रमाणहरूबाट देखिन आएको हुँदा निजहरूको नाममा राखेका स्रोत नखुलेको चल अचल सम्पत्तिहरू साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा २ तथा दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत गरी पाउन मागदाबी लिई र सो चल अचल सम्पत्तिहरू जफत गर्ने प्रयोजनको लागि बुवा ज्ञानकृष्ण श्रेष्ठ, आमा चन्द्रदेवी च्वामु श्रेष्ठ, भाइ रामकृष्ण श्रेष्ठ, भाईबुहारी रविना प्रधानाङ्ग, श्रीमतीहरू तारादेवी श्रेष्ठ र रेखा श्रेष्ठ लाई समेत प्रतिवादी कायम गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता